# लोक सेवा आयोग
# दिपायल कार्यालय

राजपुर,डोटी

## परीक्षा भवन कायम गरिएको सूचना ।

**सूचना नं. ६६/०८०-८१, मिति: २०८०।१०।०३ गते**

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको **विज्ञापन नं १७२५१-१७२५७/०८०-८१ (खुला/समावेशी) नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल, हाइवे, स्यानिटरी, इरिगेशन र हाइड्रोपावर उपसमूह, रा.प तृतीय श्रेणी (प्राविधिक), इञ्जिनियर** पदमा **दिपायल** परीक्षा केन्द्र राखी Online बाट दरखास्त फाराम स्वीकृत भएका उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा कार्यक्रम:**

| पत्र | विषय | खण्ड | परीक्षा प्रणाली | परीक्षा मिति | परीक्षा समय र अवधि |
|---|---|---|---|---|---|
| प्रथम | General Subject | Part I : (General Awareness & General Ability Test)<br>Part II : (General Technical Subject) | वस्तुगत बहुवैकल्पिक | २०८०।१०।१९ गते | बिहान ८:०० बजे (१ घण्टा ३० मिनेट) |
| द्वितीय | Technical Subject | | विषयगत | २०८०।१०।२० गते | बिहान ८:०० बजे (३ घण्टा) |

**परीक्षा भवन :**

| क्र.सं. | रोल नं. | | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | ७७०००१ | सबै उम्मेदवारहरु | सबै उम्मेदवारहरु | श्री लोक सेवा आयोग, दिपायल कार्यालय, राजपुर, डोटी । |

**द्रष्टव्य १:**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

ख) परीक्षार्थीले अनिवार्यरुपमा प्रवेशपत्र साथमा लिई परीक्षा संचालन हुनु भन्दा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ । परीक्षा भवनबाट प्रवेशपत्र वितरण गरिने छैन । प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने परीक्षार्थीले परीक्षा संचालन हुने मिति भन्दा एक दिन अगाडी नै लोक सेवा आयोग, दिपायल कार्यालय, राजपुर, डोटीबाट लिइसक्नु पर्नेछ ।

ग) परीक्षा भवनमा झोला, मोवाइल, स्मार्ट वाच तथा अन्य विद्युतिय सामाग्रीहरु लैजान निषेध गरिएको छ । बस्तुगत बहुबैकल्पिक प्रश्नमा क्याल्कुलेटरको प्रयोग गर्न पाईने छैन ।

घ) परीक्षामा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ ।

ङ) वस्तुगत बहु वैकल्पिक (Multiple Choice) भएको प्रश्नको उत्तर दिंदा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा (A,B,C,D) लेख्नु पर्नेछ ।

फोनः ०९४-४४०१४७, फ्याक्सः ०९४-४४०१७८, Website: www.psc.gov.np, Email: dipayal@psc.gov.np

**च) परीक्षार्थीले परीक्षा दिन आउँदा आयोगबाट जारी भएको प्रवेश-पत्र सँगै नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र अनिवार्य रुपमा लिई उपस्थित हुनु पर्नेछ।**

**द्रष्टव्य २: संक्रमणको विशेष अवस्थामा परीक्षा (संचालन तथा व्यवस्थापन) सम्बन्धि मापदण्ड, २०७७ (संशोधन सहित) अनुसार परीक्षार्थीले तपसिलमा उल्लेखित विषयहरुको पूर्ण रुपमा पालन गर्नु पर्नेछ।**

क) परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयंले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ।

ख) परीक्षार्थीले परीक्षा केन्द्रमा प्रवेश गर्दा, निस्कदा र शौचालय प्रयोग गर्दा भिडभाड नगरीकन एकआपसमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना हुने गरी भौतिक दूरी कायम गर्नुपर्नेछ।

ग) परीक्षार्थीहरुले समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन। परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालन गर्नुपर्नेछ।

**घ)** कोभिड-१९ (COVID-19) संक्रमित उम्मेदवारहरुको लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफु संक्रमित भएको जानकारी यस कार्यालयको फोन नं. ०९४-४४०१४७, ०९४-४४०१७८ मा सम्पर्क गरी वा इमेल dipayal@psc.gov.npतथा निवेदनको माध्यमबाट सो को जानकारी यस कार्यालयलाई दिनु हुन सुचित गरिन्छ।

| ............................ | .................... | ......................... |
|---|---|---|
| गणेश बहादुर कठायत | कृष्ण बस्याल | बाबु कृष्ण ढकाल |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उपसचिव |